# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७ ) काठमाडौं, फागुन ७ गते २०५४ साल ( अतिरिक्ताङ्क ५९ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा २०५४ साल फागुन ७ गते बक्सेको सन्देश,

प्यारा देशवासीहरू,

सदा झैं आज हामी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउन लागिरहेका छौं । यस अवसरमा पुज्य आफू बुबाज्यू स्वर्गीय श्री ५ त्रिभुवन तथा देशमा प्रजातन्त्रको स्थापनाको लागि आफ्नो जीवन समर्पण गर्ने सबैप्रति हाम्रो श्रद्धाञ्जली छ ।

प्रजातन्त्रको सदुपयोगद्वारा प्रजातन्त्रलाई प्रभावकारी बनाउँदै जीवन-पद्धतिको रूपमा अनुसरण गर्न राजनैतिक दलहरूका साथै प्रत्येक नेपालीसमेत प्रयत्नशील रहनु पर्ने कुरा यस अवसरमा सम्झना दिलाउन चाहन्छौं । आफ्नो अधिकारको उपभोग गर्दा अरूको अधिकार क्षेत्र कुण्ठित नहोस् र आफ्नो प्रतिष्ठाको संरक्षण खोज्दा राष्ट्रको प्रतिष्ठाको अवमूल्यन नहोस् भन्ने अनुशासन पालन गर्दै व्यक्तिको भन्दा समुदायको र समुदायको भन्दा मुलुकको हितलाई सर्वोपरि मानेर बहुदलीय प्रजातन्त्रद्वारा नेपाल र नेपालीको आकांक्षालाई पूरा गर्न आजको दिनले प्रेरणा देओस्– यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१२८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२८४